प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १

फोन नं. ०२६-५२२२८३
इमेलः vhlsdhankuta@gmail.com

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# धनकुटा

सुचना नं. ६/ २०७८-०७९

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) कार्यक्रम माग गर्ने सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७८/०५/ २२**
**दरखास्त दिने अन्तिम मिति २०७८/०६/०५**

यस विज्ञ केन्द्रको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फ तपशिल बमोजिमका **ब्लक विकास कार्यक्रम** संचालनको लागि तेह्रथुम जिल्लामा क्षेत्र निर्धारण गर्नु पर्ने भएको हुँदा **परियोजना कार्यान्वयन म्यानुअल २०७७** ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदार गर्न इच्छुक आवेदकहरुबाट अनुसुची ६ बमोजिम आवेदन साथ अनुसुची ७ अनुसारको आधारभुत तथ्याङ्क फारम भरी प्रथम पटक मिति २०७८/०४/२४ गते प्रकाशित सूचना अनुसार कुनै पनि आवेदन नपरेको हुँदा पुनः यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्रमा आवेदन दर्ता गर्नु हुन दोश्रो पटक सुचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु क्षेत्र निर्धारणका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराइन्छ । थप जानकारीका लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८३, सम्पर्क केन्द्र म्याङ्गलुङ्ग तेह्रथुमको फोन नं. ०२६-४६०१२७ र सम्पर्क व्यक्ति विद्यादेवी अधिकारीको मोवाइल नं. ९८४२०८१३०३ सम्पर्क गर्नु हुन वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेवसाइड www.pmamp.gov.np बाट परियोजना कार्यान्वयन म्यानुअल २०७७ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।प्रस्तावित कार्यक्रममा ५० प्रतिशत रकम सम्बन्धित साझेदारले सहकार्य गर्नु पर्नेछ ।

### तेह्रथुम जिल्लामा संचालन गरिने कार्यक्रमहरू

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिकतम साझेदारी रकम रू. | प्रति ब्लकको लागी आवश्यक संख्या | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू |
|---|---|---|---|---|---|---|
| १ | बाखाको ब्लक विकास कार्यक्रम | संख्या | १ | ३५,००,०००। (पैतीस लाख) | ५००० बाखा | क्लस्टर वा एउटै कोरिडोरमा तोकिएको बाखा संख्या भएको वा हुन सक्ने क्षेत्र अन्तर्गतका<br>✓कृषि/पशु सहकारी सस्थाहरु<br>✓कृषक समुह/समिति<br>✓प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक फर्म/कम्पनी । |

<u>आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः</u>

१. अनुसुची ६ बमोजिमको ढाँचामा आवेदन पत्र ।
२. अनुसुची ७ बमोजिमको आधारभुत तथ्याङ्क फारम ।
३. आवेदन दस्तुर रु. २००।
४. अध्यक्ष वा प्रोपाइटरको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
५. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी
६. समुह/समिति/सहकारीको कार्य समितिको निर्णयको प्रतिलिपी साथै संचालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी।
७. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
८. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।

**नोटः यस पटक पनि आवेदन दर्ता नभएमा धनकुटा जिल्लामा दर्ता भएका आवेदकहरुलाई छनौट प्रकृयामा समावेश गराइनेछ।**

डा.देव कुमार दर्लामी
पशु चिकित्सक
नि.प्रमुख